# रैनादेवी छहरा गाउँपालिकाको नवौं गाउँसभामा प्रस्तुत

# आर्थिक वर्ष २०७८/७९को नीति तथा कार्यक्रम

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

गाउँसभामा पेश भएको मितिः २०७८/०३/०७ गते
गाउँसभाबाट पारित मितिः २०७८/०३/०७ गते

*सभाध्यक्ष महोदय,*
*सम्पूर्ण गाउँसभा सदस्यहरु,*

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको सरकार मध्ये स्थानीय तह/सरकारको गठन पश्चात हामी रैनादेवी छहरा गाउँपालिका पाल्पाको नवौं गाउँसभामा उपस्थित भएका छौं ।

यस घडिमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन योगदान पुऱ्याउने सम्पूर्ण शहीदहरुलाई सम्मान गर्दै भावपूर्ण श्रदाञ्जली टक्र्याउँछु । हाम्रा अग्रज सम्पूर्ण नेताहरु प्रति सम्मान व्यक्त गर्दछु ।

*सभाध्यक्ष महोदय,*

संविधानको भाग १७, १८ र १९ तथा अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहको सरकारको नीति नियम बनाउने, योजना तर्जुमा एवं बजेट व्यवस्था गर्ने जिम्मेवारी हामी स्थानीय तहको सरकारलाई रहेको छ । संविधानले निर्दिष्ट गरे अनुरुपको कार्य गर्ने हाम्रो दायित्व हो । सम्पूर्ण रैनादेवी छहरा गाउँपालिकाबासीमा सुशासनको प्रत्याभूति गराउने, विकास र समृद्धिको लागि योजनाबद्व ढंगले अगाडी बढी नमूना र समृद्व रैनादेवी छहरा गाउँपालिका बनाउने हाम्रो दृढ संकल्प र अठोट छ ।

समृद्ध र नमूना रैनादेवी छहराको परिकल्पना गरी अगाडी सारिएको नीति तथा कार्यक्रम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएपछिको रैनादेवी छहरा गाउँपालिकाको नवौंगाउँ सभामा राख्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु । उक्त संकल्प र परिकल्पना पूरा गर्न आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तावित गर्दछु ।

प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विकासको परम्परागत शैली र गतिलाई परिवर्तन गर्दै अन्य विविध पक्षका अलवा मूलत शिक्षा,स्वाथ्य,पूर्वाधार विकासका साथै कृषि उत्पादनमा आधारित रही रैनादेवी छहरा गाउँपालिकालाई"*उज्यालो रैनादेवी, समृद्ध रैनादेवी, खेलकुद तथा धार्मिक पर्यटनको गन्तव्य रैनादेवी*" रुपान्तरण गर्न सरोकारवाला सम्पूर्ण पक्षसँग हातेमालो गर्दै अघि बढिने छ । साथै अव्यवस्थित वस्ति, भूमिहिन तथा विस्तापित परिवारलाई व्यवस्थापन गरिनेछ।

*सभाध्यक्ष महोदय,*

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्ने क्रममा नेपालको संविधान, दिगो विकासका लक्ष्यहरू, पन्ध्रौ योजना, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरू, आ.व.२०७८/०७९को नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, विकासका लागि नेपाल सरकारले तय गरेका विभिन्न राष्ट्रिय नीति, निर्देशिका, कार्यविधिहरू, क्रियाशील राजनैतिक दलहरुसँगसम्वन्धित विषयमा बिज्ञहरुसँग भएको छलफलमा प्राप्त भएका अमूल्य सुझावहरू, विभिन्न सामाजिक तथा बौद्धिक व्यक्तित्वहरु,

विदेशमा रहनुहुने गाउँपालिकावासी दाजुभाइ दिदिबहिनीहरु लगायत आम सर्वसाधारणले दिनुभएको सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु ।

रैनादेवी छहरा गाउँपालिकामा शान्ति, विकास, समृद्धि र सुशासन कायम गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन ***"विद्यमान समस्याको निकास, सुशासन सहितको विकास"*** भन्नेनारालाई आत्मसात गरी अघि बढिने छ ।

*सभाध्यक्ष महोदय*

**"अव म विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु",**

## कृषि तथा पशुपालन

- अधिकांश नागरिकले कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेको यस गाउँपालिकामा परम्परागत र निर्वाहमूखी खेति प्रणालीलाई आधुनिक कृषि प्रणाली तर्फ उन्मूख गर्दै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक बृद्धि गरी युवा जनशक्तीलाई कृषि तर्फ आकर्षित गर्न र विदेशबाट कोरोना संकटमा फर्केका दाजु भाई दिदि बहिनीलाई व्यावसायिक कृषि तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि प्रसार सम्बन्धी स्थानीय नीति, योजना, कानून, मापदण्ड निर्धारण गरी त्यसको कार्यान्वयन र नियमन गरिने छ ।
- कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सहायता, सीप विकास र सशक्तिकरण गरिनेछ ।
- कृषि बीउविजन, नश्ल सुधार, मल र औषधिहरुको आपूर्ति र नियमन गरिनेछ ।
- उन्नत जातका घाँसका बिउहरु वितरण गरिनेछ ।
- मासु विक्री केन्द्रलाई व्यवस्थित गरिनेछ ।
- कृषिलाई व्यवसायीकरण, यान्त्रिकीकरण तथा विविधीकरण गरी गरी कृषि उत्पादनमा बृद्धि गर्दै किसानको जीवनस्तर उकास्नको लागि कृषि अनुदान, हाते ट्याक्टर, कुटानी पिसानी मिल, कृषि उपज संकलन तथा विक्रि केन्द्र जस्ता कृषि पूर्वाधारको व्यवस्थापन गरिने छ।
- विषादीको अत्याधिक प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक खेतीलाई प्रोत्साहित गरिनेछ ।
- एभोकाडो, किवि, अकवरे खुर्सानी, लप्सी, दाँते ओखर, टिमुर, आँप, लिची, कफी जस्ता वैकल्पिक जातका खेतिलाई प्रोत्साहन गरिने छ । साथै भइरहेका सुन्तलाजात तथा अन्य स्थानीय जातका खेतिलाई सम्भाव्यताका आधारमा अन्य वडामा समेत विस्तार गरिने छ ।
- साना सिंचाइका लागि पोखरी, कूलो निर्माण मर्मत, थोपा सिंचाइ, सिमेन्ट पोखरी जस्ता कार्यक्रमलाईथप प्रभावकारी बनाइने छ ।
- विभिन्न कृषि तथा पशु सम्बन्धी कार्यक्रम गैरसरकारी संस्था, समुदाय तथा समूहसँग साझेदारीमा सञ्चालन गरिनेछ ।
- निम्न स्तरीय जीवनस्तर भएका समुदायको उत्थानको लागि बंगुर तथा लोकल कुखुरा र बाखा पालनामा आकर्षिक गर्न अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- तरकारी, दुध, फलफूल तथा मासुमा आत्मनिर्भर हुँदै निर्यात गर्ने र आयातलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

- उन्नत जातका पशुपालन मार्फत पशुधनको आयमा वृद्धि गर्ने नीति अगिंकार गरिनेछ ।
- पशु व्यवसायको जोखिम कम गर्न पशु बिमा कार्यक्रमलाई प्रभावकारी वनाइनेछ ।
- भैरहेका कृषि पकेट क्षेत्रलाइ अझै विकास गर्दै सम्भावनाका आधारमा थप पकेट क्षेत्र घोषणा गरिनेछ ।
- आलु, गहुँ,कफि, दालचिनी, मौरी, माछा, गोलभेडा जस्ता कृषि उपज पकेट क्षेत्र मार्फत कृषि उत्पादनमा वृद्धि गरिनेछ ।
- कृषिलाई आधुनिकीकरण गर्ने क्रममा संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय र साझेदारीमा बिउ प्रशोधन केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।
- कृषकको कृषि उपजबाट उचित मूल्य प्राप्त गरुन भन्ने उद्देश्यले शितगृह निर्माण कार्यको लागि संम्भाव्यता अध्ययन गरी सोही अनुसार कार्यक्रम संचालन गरिनेछ ।
- तरकारी, दुध र मासु ढुवानीमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

## पर्यटन

- पर्यटन गुरुयोजना मार्फत पर्यटकीय स्थलहरुको पहिचान, प्रचार प्रसार सहज पहुँचको लागि पुर्वाधार विकास गर्दै जाने नीति लिईनेछ ।
- यस गाउँपालिका भित्र रहेका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका बल्डेङगढी तथा रैनादेबी मन्दिरका भौतिक पूर्वाधार निर्माण गरि पर्यटन प्रवर्द्धन गरिनेछ ।
- वल्ढेङ्गढी, निमिचौर झरना, तिलकथान पार्क, कालिका मन्दिर, मछिन्द्र देवी मन्दिर, रैनादेवी मन्दिर, अर्चले मन्दिर लगायत अन्य धार्मिक स्थल, गुफाहरु तथा प्राकृतिक सौन्दर्यका भूगोललाई समेटेर पर्यटकीय सर्किट निर्माण गरिनेछ ।
- पर्यटकहरुलाई वसोवासको  सुनिश्चितता र स्थानीय संस्कृतिका वारेमा जानकारी दिन होम स्टे संचालनका लागि स्थानीय वासिन्दालाई प्रोत्साहन गरिने छ ।
- लोपोन्मुख ११० सुनाखरीको संरक्षण गर्दैपर्यटकीय पदमार्गको पहिचान गरी विकास गरिनेछ ।
- गौरवको आयोजनाको रुपमा रहेको अत्याधुनिक तिलकथान पार्क र कटौजेपानी रंगशाला निर्माण कार्यलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका भित्रको वन क्षेत्रलाई जौविक विविधता तथा जडिवुटीको हवको रुपमा विकास गर्दै पर्या पर्यटनलाई प्रवर्धन गरिनेछ ।
- यस पालिकाको १९४३ मिटर उचाईमा रहेको झेडुङ्गढीलाई संरक्षण गरिनेछ।

## उद्योग तथा वाणिज्य :

- रैनादेवी छहरा गाउँपालिकाको वडा नं. ४ मा अवस्थित आर्प्रेचौरमा औद्योगिक ग्राम स्थापनाको लागि कार्यरम्म भईसकेको छ । औद्योगिक ग्राम निमार्ण कार्यलाई छिटो सम्पन्न गर्न संघीय तथा प्रदेश सरकार र अन्य सरोकारवालाहरु वीच समन्वय गरिनेछ ।
- स्थानीय स्रोत र साधनको सदुपयोग गर्दै जडिबुटी प्रशोधन उद्योग, काष्ठ उद्योग, शस उद्योग, अचार उद्योग, जुस उद्योग, बाँसजन्य र अन्य घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ ।
- उद्योग व्यवसाय संचालन गर्न लगानी मैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरिनेछ ।

- परम्परागत सीप र उद्योगहरुलाई संरक्षण गरीनेछ ।
- सम्भावित साना र मझौला उद्योगहरु स्थापना गर्नको लागि उद्योगीहरुलाई प्रोत्साहन र प्रविधि सीप सहयोग तालिमको व्यवस्था गरिने छ ।
- स्थानीय उत्पादनको सहज विक्री वितरणको प्रवन्ध गर्न क्रमश हाटवजारहरु संचालनमा ल्याईनेछ ।
- वजारमा गुणस्तरयुक्त सामान विक्री वितरण गर्न गराउन गुणस्तरयुक्त वस्तु प्राप्त गर्ने जनताको अधिकार सुनिश्चित गर्न वजार अनुगमनलाई नियमित गरी उपभोक्ताको अधिकारलाई संरक्षण गरिनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्र :**

- सरकारी, निजी क्षेत्र, सहकारी तीनवटै क्षेत्र गाउँपालिकाको सकारात्मक रुपान्तरणका लागि परिचालन गरिनेछ ।
- सहकारी संस्था सम्बन्धी ऐन निर्माण भइसकेको छ । यसका अलवा सहकारी नीति, नियमावली निर्देशिका जस्ता कानून निर्माण गरी प्रवर्द्धन एवं नियमन गरिने छ ।
- सहकारीका सिद्दान्तको आधारमा सहकारीलाई संचालन गर्नको लागि नियमित नियमन, अनुगमन गर्ने व्यवस्था गरिने छ ।
- सहकारीहरुलाई उत्पादनमूलक कार्यमा लाग्न उत्प्रेरित गरिने छ ।
- आर्थिक विकासको निम्ति छरिएर रहेको स्थानीय पुँजि, श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा  सहकारीलाई विकास गरी आर्थिक रुपमा विपन्न, महिला तथा निम्न वर्गका जनताको जीवनस्तर उकास्ने माध्यमको रुपमा अगाडि वढाईनेछ ।
- सहकारी मार्फत कृषि उपज विक्री वितरण गर्ने कृषकहरुलाई विभिन्न अनुदानको व्यवस्था गरिनेछ ।
- परम्परागत घरेलु तथा लघु उद्यमहरूको विकास गर्न सहकारीलाई प्रयोग गरि युवाहरुमा उद्यमशीलता विकास गर्नका निम्ति सहकारीको पहुँचलाई टोल टोलमा बिस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित विभिन्न वित्तीय संस्थाहरुको नियमन गरिनेछ ।
- सवै संघ संस्था समूह तथा आम नागरिकलाई बैंक मार्फत आर्थिक कारोवार गर्न प्रोत्साहित गरिने छ ।
- एकै प्रकृतिका सहकारीलाई मागका आधारमा एकीकृत -मर्ज गर्दै लगिनेछ।

**शिक्षा**

- शौक्षिक गुणस्तरलाई वृद्धि गर्न हरेक वर्ष उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्दै जाने नीतिलाई कायम गरिनेछ ।
- गाउँपालिकाबासी नागरिकको सरकारी सेवा तथा सुरक्षा निकायमा पहुँच अभिवृद्धि गर्न लोकसेवा तयारी कक्षा संचालन गरिनेछ ।
- छात्र-छात्राको अपेक्षा रैनादेवी छहरा गाउँपालिकाको सुभेच्छा भन्ने नारा सहित प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिँदै यस आ.व. देखि यस पालिका भित्रका प्राविधिक विद्यालयमा

पढ्ने प्रत्येक वडाबाट दुई/दुई जनाको दरले विपन्न तथा जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

- यस पालिका भित्रका सामूदायिक विद्यालयबाट एस.ई.ई. गरी एम.बि.बि.एस. मा नाम निकाल्न सफल विद्यार्थी, कक्षा ८ र एस.ई.ई. मा सर्वोत्कृष्ट अंक सहित सफल विद्यार्थीलाई सम्मान गरिनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन भएका विद्यालयहरुलाई नतिजाको आधारमा प्रोत्साहन गर्दै लगिनेछ । गाउँपालिका भित्र उच्च शिक्षाको गुणस्तर सुधार गर्ने नीति लिइने छ ।
- एक विद्यालय एक सूचना प्रविधि केन्द्र कार्यक्रमलाई अगाडी बढाईनेछ ।
- प्रारम्भिक वालशिक्षा संचालन भएका वालविकास केन्द्रहरुमा भुई वसाई व्यवस्थापन तथा खेल सामग्रीहरु प्रदान गरी वालवालिकाको सिकाई उपलव्धिलाई वृद्धि गर्दै लगिनेछ ।
- शिक्षा क्षेत्रको समग्र गुणस्तर सुधार गर्दै प्राविधिक शिक्षालाई विशेष जोड दिइने छ । सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्राथमिकता दिइने छ ।
- BIG SCHOOL को अवधारणाको सम्भाव्यता अध्ययन गरी छरिएका विद्यालयलाई एकीकृत (मर्जर) गर्दै दरवन्दी मिलान गरिने छ ।
- स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिनेछ ।
- अङग्रेजी र नेपाली दुवै माध्यमबाट शिक्षण सिकाइको लागि आवश्यक व्यवस्था मिलाउदै जाने नीति लिइने छ ।
- विद्धुतीय हाजिरी मार्फत उपस्थिती नियमन गर्ने नीतिलाइ कायम राखिएको छ । वाँकी शैक्षिक संस्थामा यसै वर्ष विद्धुतीय हाजिरी जडान गर्ने कार्यलाई सम्पन्न गरिने छ ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा पुऱ्याईने छ ।
- विद्यालयको भौतिक पक्षको सुधारमा विशेष ध्यान दिइने छ ।
- सीमान्तकृत समुदाय, विपन्न, कुमाल, दलित, उत्पिडित समुदाय र पढाइबाट बञ्चित भएका वालवालिकालाई पढाइ लेखाइको लागि उपयुक्त वातावरण सृजना गरिने छ ।
- विद्यार्थीहरुमा रहेको क्षमता प्रस्फुटन गर्न वौद्धिक तथा सृजनात्मक कियाकलापहरु सञ्चालन गर्दै लगिनेछ ।
- आधारभूत तह देखि नै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न कक्षा ३, ५ लाई वडास्तरमा र ८ को परीक्षा गाउँपालिका स्तरमा परीक्षा संचालनलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रका विद्यालयमा कमश : एउटै रङरोगन गर्दै लगिनेछ ।
- शैक्षिक गुणस्तर सुधारको लागि सामुदायिक विद्यालय सुधार योजना तर्जुमा गरिनेछ ।
- सैदान्तिक शिक्षालाई व्यहारिक बनाउदै प्रयोगात्मक शिक्षालाई प्राथमिकता दिँदै लगिनेछ ।

## युवा तथा खेलकुद :

- ***"स्वस्थ्य जीवनयापनका लागि खेलकुद"*** भन्ने नाराका साथ संचालन हुने अध्यक्ष कप तथा अन्य खेलकुद प्रतियोगितालाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य, एकता, सवल युवा र अनुशासनका लागि खेलकुद सार्थक तुल्याउन स्थानीय स्तरमा खेलिने खेलहरुको सवै विधाको गाउँपालिका स्तरीय खेलाडीहरु उत्पादन गर्दै लगिने छ ।
- युवा रोजगार तथा बेरोजगार उन्मुलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

- युवाहरुलाई गाउँमै रोजगारी सृजना गर्न विकास आयोजनाहरुमा श्रम प्रधान प्रविधिलाई महत्व दिइने छ । साथै व्यवसायीक रुपमा कृषि/पशु पेशा अँगालेका जनशक्तीलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ ।
- कोभिड १९बाट प्रभावित युवाहरुलाई, स्वरोजगारको व्यवस्था मिलाई विभिन्न विधामा अनुदान दिइने छ ।
- प्रत्येक वडामा खेलकूद मैदान निर्माण गर्दै लगिनेछ।

## स्वास्थ्य तथा आर्युवेद :

- छहरा स्वाथ्य चौकीमा जनशक्ति व्यवस्थापन गरि X-Ray मेसिनको लागि सम्बन्धित निकाय आवश्यक पहल गरिनेछ ।
- आयूर्वेद नर्सरी स्थापना गर्न उत्प्रेरित गरिनेछ ।
- महिला स्वाथ्य स्वयम् सेविका निवृत्त(छोड्दा) सम्मानको लागि निवृत्त कोषको स्थापना गरिनेछ ।
- नागरिकको आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने संवैधानिक हकलाई सुनिश्चित गर्न स्वास्थ्य संस्थावाट हुने नियमित उपचारका अलवा गाउँगाउँमा डाक्टर सहितको घुम्ति सेवा संचालन गरीनेछ ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृतको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्द्धन गरिनेछ ।
- सुर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको प्रयोगमा नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकास्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक स्वास्थ्य सेवाको सञ्चालन गरिने छ ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिँदै गाउँपालिका भित्रका असहाय, एकल महिला लगायत सबै नागरिकको स्वास्थ्य बीमा गर्ने नीति कायम राखिएको छ ।
- स्थानीय स्तरमा रोगको पहिचान गर्न सकियोस भन्ने उद्देश्यले अघिल्लो आर्थिक वर्षमा सञ्चालनमा आएका छहरा स्वाथ्य चौकी र जुठापौवा स्वाथ्य चौकीको स्वास्थ्य प्रयोगशालास्तरोन्नती गर्दै संचालन कार्यलाई क्रमशः सवै स्वास्थ्य चौकीमा विस्तार गरिने छ ।
- गर्भवती तथा सुनौला हजार दिनका महिलाहरुलाई विशेष ध्यान पुग्ने खालका मातृ शिशु तथा बाल्यकालिन पोषण सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन गर्भवती महिलाको स्वास्थ्य सुरक्षा तथा पोषणको लागि हरियो झण्डा र अण्डा कार्यक्रमलाई निरन्तरता दिँदै अगाडी बढाइनेछ ।
- स्वास्थ्य संस्थाको पहुँच देखि टाढा रहेका नागरिकलाइ मध्यनजर गरी थप सामुदायिक स्वास्थ्य इकाईहरु सञ्चालन गर्दै लगिनेछ ।
- हरेक वडामा वर्थिङ सेन्टर स्थापना गर्ने नीतिलाइ क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको कार्य सम्पादनलाई कदर गर्दै, सेवा सुविधा थप गर्दै लगिने छ ।
- स्वास्थ्य सँस्थामा सुत्केरी गराउने गर्भवती महिलालाई सुत्केरी भत्ता उपलव्ध गराईने छ ।

- ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई ४-४ महिनामा सुगर, प्रेसर लगायत आधारभुत स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- ***"स्वास्थ्य उपचार सहायता कोष"*** को स्थापना गरी  आर्थिक रुपमा विपन्न, अनाथ, अशक्त, असहाय व्यक्तिको मृगौला रोग, मुटु रोग, क्यान्सर, प्यारालाइसिस लगायतका जटिल खालका रोगको स्वास्थ्य उपचारमा सहयोग गर्ने नीति लिइने छ । यस्तो कोषमा जुनसुकै व्यक्ति, संस्थाले सहयोग गर्न सक्ने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पक्षमा सुधार तथा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई सुदृढ पारिनेछ ।
- यसै आ.व देखि गाउँपालिका भित्र एउटा सब वाहनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्यकर्मीको माध्यमद्वारा विद्यालय र समुदायमा स्वास्थ्य सन्देश प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।
- प्रत्यक्ष स्वास्थ्य संस्थाबाट सञ्चालन हुदै आएका गाउँघरे क्लिनिकलाई व्यवस्थित गर्दै लगिने छ ।
- आयुर्वेदिक गाउँघर क्लिनिकलाई क्रमशः विस्तार गर्दै लगिने छ ।
- स्थानीय स्तरमा पाईने जडिवुटीको पहिचान गरी संरक्षण गरिने छ ।
- आयुर्वेद सेवा प्रति मानिसको आकर्षण वढाउन सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- संस्थागत सुत्केरी गराउन प्रोत्सान गरी *"जिरो होम डेलिभरी वार्ड र गाउँपालिका"*घोषणा गरिने छ ।
- प्रत्येक वडामा एकीकृत घुम्ति शिविर संचालन गरिनेछ।

## कोभिड-१९ को नियन्त्रण, रोकथाम तथा व्यवस्थापन

- कोरोना संक्रमणलाई नियन्त्रण कार्यलाई प्राथमिकता दिँदै सोको संक्रमणबाट बच्न जनचेतनामूलक सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- कोभिड संक्रमणको नियन्त्रण गर्न प्रत्येक वडामा स्वंयम सेवक परिचालन गरिनेछ।
- कोभिड अस्थायी अस्पतालको क्षमता विस्तार गरिनेछ ।
- यस पालिकाको कोभिड अस्थायी अस्पतालमा कोभिड-१९ संक्रमित विरामीलाई निशुल्क उपचार गरिनेछ ।
- कोभिड-१९ संक्रमित विरामीलाई लुम्विनी प्रदेश भित्र उपचारका लागि लैजादा निशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइनेछ।
- कोभिड संक्रमित भई ज्यान गुमाएको परिवारको लागि राहतको व्यवस्था गरिनेछ ।
- कोभिड संक्रमित भई ज्यान गुमाएका शवलाई घाटसम्म लैजान निशुल्क शव वाहन र आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था मिलाइने छ।

## खानेपानी तथा सरसफाई

- सवै जनतालाई खानेपानीमा पहुँच स्थापित गर्न प्राथमिकताको आधारमा श्रोत परिचालन गरिनेछ।

- *"स्वस्थ्य जीवन, स्वच्छ खानेपानी"* नारा सार्थक तुल्याउन *"एक घर एक धारा"* कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- खानेपानीका सम्भाव्य स्रोतहरुको पहिचान गरी लिफ्टिङ/ग्राभिटि प्रणाली मार्फत खानेपानीका आयोजनाहरुलाई अगाडि बढाईने छ ।
- बजारको मुख्य स्थान र इलाकाका फोहर व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै डम्पिङ्ग साइट व्यवस्थित गरिने छ ।
- लिफ्टिङ्ग खानेपानी योजना लगायत क्रमागत योजनाहरुलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।
- ठूला खानेपानीका योजनाहरु सञ्चालन गर्दा आवश्यकताको आधारमा प्रदेश सरकारसँग सहलगानीको नीति लिइने छ ।
- मापदण्ड पूरा गरेका वडाहरुलाई पूर्ण सरसफाईयुक्त वडा घोषणा गर्दै अन्ततः रैनादेवी छहरा गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका बनाइनेछ ।
- प्रत्येक घर परिवारलाई आफ्नो फोहर र बलेनी पानीको आफै व्यवस्थापन गर्न उत्प्रेरित गरिने छ ।
- खानेपानीका मूल संरक्षण गर्दै लगिनेछ।

## भाषा संस्कृति कला :

- सबै समुदायको भाषा संस्कृतिको संरक्षण कलाको विकास र विशेष गरी अल्पसंख्यामा रहेका कुमाल लगायत आदिवासी जनजातीको संस्कृतिको संरक्षण र उत्थान गरिनेछ ।
- रैनादेवी छहरा गाउँपालिका भित्रका सरायँ नाँच, मारुनी, झयाउरे, खेली, भैलो, देउसी, तीज गीत, कृष्ण मेला, लाखे जात्रा, पञ्चेबाजा, भजन कीर्तन लगायतका लोक संस्कृति प्रर्वधन गर्ने नीति लिईने छ ।
- यस गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रंवर्द्धन गरिने छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

## महिला

- एकल महिला आर्यआर्जन कार्यक्रमलाई निरन्तरता दिइने छ र महिला आत्मनिर्भर गराउन आर्यआर्जनका कार्यक्रममा अनुदान दिइने छ। साथै उद्यमी महिलाहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।
- जनप्रतिनिधी महिलाहरुको नेतृत्व क्षमता विकास कार्यक्रम संञ्चालन गरिनुका साथै अन्य महिलाहरुका लागि महिला क्षमता विकास कार्यक्रम गरिने छ ।
- सुरक्षित महिनावारीका लागि विद्यालयमा सेनेटरी प्याड वितरण र उत्पादन तालिम दिनुका साथै किशोरी शिक्षालाई व्यापक गराइने छ ।
- प्रत्येक वडाका एक वटा महिला समूहलाई एक/एक वटा साउण्ड सिस्टम र टेन्टको व्यवस्था गरिनेछ ।
- महिला समूह गठन गरी कृषि क्षेत्रमा प्रोत्सहान गरिनेछ ।

## वालवालिका

- *५ अ (अनाथ, अशक्त,असहाय,अपाङ्ग र अतिविपन्न)*भित्र पर्ने वालवालिकाहरुलाई छात्रवृति प्रदान गरी आवश्यकता अनुसार अन्य सहयोग गरिनेछ ।
- वालविवाह न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- वालवालिकाको लागि पोषणयुक्त आहारमा पहुँच स्थापित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल अधिकारको वोध गर्न वाल क्लव तथा समूह गठन गरी हरेक संघसंस्था, पूर्वाधार संरचना, सामाजिक व्यवहार लगायतका क्षेत्रलाई वालमैत्री बनाउँदै क्रमशः बालमैत्री वडा र बालमैत्री गाउँपालिका घोषण गरिने छ ।

## जेष्ठ नागरीक

- जेष्ठ नागरिक सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- प्रत्येक वडामा क्रमश जेष्ठ नागरिक दिवा सेवा केन्द्र खोलिने छ ।यस कार्यलाई यसै आर्थिक बर्ष देखिनमूनाको रुपमासुरुवात गरिने छ ।
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभवको हस्तान्तरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- अशक्तजेष्ठ नागरिकहरुको घरमा गई मासिक स्वास्थ्य परीक्षण गरीने छ ।

## अपाङ्ग

- गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचना अपाङ्गमैत्री वनाइने छ ।
- अपाङ्ग भएका व्यक्तिहरुको क्षमता विकासमा जोड दिँदै अपाङ्गहरुको अवस्था हेरी आवश्यक सहायता सामग्री वितरण गरिने छ ।
- घर घरमा गई अपाङ्गता परिचयपत्र वितरण गरिने छ ।
- **अपाङ्ग वालवालिकाहरुलाई शैक्षिक शिक्षामा कक्षा १० सम्म पूर्ण लगानी गरिनेछ ।**

## दलित

- दलित प्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम संञ्चालन गरिने छ ।
- दलितहरुले अवलम्वन गर्दै आएका परम्परागत पेशाहरुलाई आधुनिकीकरण गरी रोजगारी सिर्जना मार्फत आर्यआर्जन गर्दै जीवन यापनमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिने छ ।
- जातीय छुवाछुत विरुद्धको राष्ट्रिय दिवसको अवसरमा विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै छुवाछुतमुक्त समाज निर्माणका लागि अघि बढिने छ ।
- दलित समुदायका वालवालिकाको शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धि गर्न दलित जेहन्दार छात्रवृति प्रदान गरिने छ ।
- विपन्न दलित वर्गलाई लक्षित गरी आर्यआर्जनको कार्यक्रम संचालन गर्नुका साथै त्यस्ता वस्तीलाई व्यवस्थित गरिनेछ ।
- अन्तरजातीय विवाह गरेका दम्पतिहरुलाई पारिवारीक पुनर्मिलनको व्यवस्था मिलाईनेछ ।
- चुदारा जातिको संरक्षण एवम् उत्थान गरिनेछ ।

## आदिवासी जनजाती/अल्पसंख्यक समुदाय

- आदिवासी जनजातिको परम्परागत संस्कृतिलाई संरक्षण गर्दै विद्यमान कुरीतिलाई निरुत्साहित गर्ने नीति अंगिकार गरिने छ र मगर दिवसलाई उच्च महत्व दिइनेछ।
- आदिवासी जनजाती अन्तर्गत कुमाल लगायत अन्य पछाडी परेको समुदायको उत्थानको लागि विशेष कार्यक्रम संञ्चालन गरिने छ।
- वहुसंख्यक कुमाल समुदायले पढ्ने विद्यालयमा उनीहरुका लागि दिवा खाजा कार्यक्रम निरन्तरता दिईने छ।
- हरेक जातजातीको मातृभाषाको संरक्षण गर्ने नीति लिइने छ।
- सिमान्तकृत समूहका अध्यनरत वालवालिकाहरुलाई पोशाकको व्यावस्था मिलाईने छ।

# भौतिक पूर्वाधार

## सडक तथा पुल

- गाउपालिका भित्र रहेका सडक सञ्जालको स्तरोन्नती गर्दै सूचारु गरिनेछ।
- यस पालिकाको सालभ्ञण्डी सुन्दरेढुंगा छहरा, सर्देवा र सातमुरे सडकलाई गौरवको योजनाको रुपमा लिइनेछ।
- योजना कार्यान्वयन गर्न सहजता होस भनि स्थानीय जनशक्ती प्रयोगमा ल्याउन पहिलो चौमासिकमा डकर्मी तथा सिकर्मी तालिम सञ्चालन गरिनेछ।
- गाउँपालिका स्तरमा वाटोको मापदण्ड निर्धारण गरी व्यवस्थित सडक विकास कार्य अगाडि वढाईने छ।
- अन्तराष्ट्रिय गौतम वुद्ध विमान स्थल वाट वल्ढेङ्गगढी, जुठापौवा, कालिका मन्दिर, मछिन्द्रदेवी मन्दिर, रैनादेवी मन्दिर, सि जी सिमेन्ट उद्योग, ऋषिकेश मन्दिर हुँदै कालिगण्डकी करिडोर मार्फत मुक्तिनाथ जोडने रणनीतिक महत्वको पर्यटकीय सडकको विस्तारको लागि सम्वन्धित सवै पक्षसँग समन्यव र सहकार्य गर्दै अघि वढिने छ।
- सुन्दरे ढुङ्गा-जुठापौवा-सालभ्ञण्डी मोटरवाटो पिच गर्ने कार्यलाई निरन्तरता दिदै छहरा, सर्देवा सातमुरे सडकको समेत कालेपत्रे गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- गाउँपालिका भित्रकासडकको संरक्षणका लगि नालीको व्यवस्थापन गर्दै लगिनेछ।
- झोलुङ्गे पुलको संरक्षण र आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्दै लगिने छ।
- दुर्घटना न्यूनीकरण गर्दै रैनादेवी छहरा गाउँपालिकालाई शुन्य दुर्घटना क्षेत्र बनाउने तर्फ अघि बढिने छ। यसको लागि सडकहरुको सुदृढीकरण गर्ने, ट्राफिक प्रहरीको लागि सम्बन्धित पक्षसँग समन्वय गर्ने, प्राविधिक हिसावले उपर्युक्त सवारी साधनहरुको संञ्चालन गर्ने र व्यवसायी, चालक तथा सहचालकलाई आवश्यक अभिमुखीकरण गरिने छ।
- गाउँपालिका भित्र स्थानीय जनताको लागत सहभागिता स्रोत साधनको प्रयोगमा पूर्वाधार निर्माणका कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- वहुवर्षीय तथा गाउँपालिका स्तरीय ठूला तथा गौरवका योजना निर्माणका आवश्यक पर्ने श्रोतको व्यवस्था प्रदेश तथा संघीय सरकारको सहयोग तथा समन्वयमा जुटाईनेछ।विकसित र विस्तारित हुदै जाने पूर्वाधारका संरचनाहरुको दिगोपना लागि आवश्यक सुरक्षाको व्यवस्था मिलाईनेछ।

- भोतिक पूर्वाधार निर्माण कार्यहरु र खरिद प्रणालीलाई प्रतिस्पर्धी र पारदर्शी बनाउन E-Biddingलाई प्राथमिकता दिईनेछ ।
- पालिका भित्र संचालन हुने भौतिक पूर्वाधार (जस्तैः सडक) निर्माण गर्दा निस्कने सामान्य निर्माजन्य सामग्री (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल) ले एकातर्फ प्राकृतिक विपद् निम्ताउने र खेर जाने अर्कोतर्फ अन्य योजनामा त्यस्ता सामग्रीहरु अभाव हुने हुँदा राजस्व संकलनमा विशेष व्यवस्था गरी त्यस्ता सामग्री पालिकाभित्र संचालन हुने योजनामा प्रयोग हुने व्यवस्था मिलाइने छ।
- मुख्य मुख्य सडकमा Lenth Men को व्यवस्था गर्दै लगिनेछ ।

## सिंचाई

- कूलो तथा बाँध संरक्षण गर्ने नीतिलाई आत्मसाथ गरिने छ ।
- सिमेन्ट पोखरी, थोपा सिँचाई जस्ता प्रविधिको प्रयोग गरी उच्च स्थानमा समेत कृषि उत्पादनमा जोड दिईने छ ।
- परम्परागत ढंगले सिंचित भइ आएका कूलाको व्यवस्थापन गर्दै नयाँ सम्भाव्य योजनाहरुको पहिचान गरी अगाडि बढिने छ ।
- सिंचाई क्षेत्रका साना मझौला र वृहत सिंचाई योजनाहरुको वर्गीकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ ।

## भवन तथा सहरी विकास

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य यसै आर्थिक वर्ष मा सम्पन्न गरिने छ ।
- आवश्यक स्थानमा सामुदायिक भवनहरु निर्माण गर्दै लगिने छ ।
- भवन निर्माण आचार संहिता बनाई कार्यान्वयन गर्दै लगिने छ ।
- फुसको छाना विस्थापन गर्ने कार्यक्रमलाईसम्पन्न गरिनेछ ।
- घर निर्माणमा नक्सा पास गर्ने कायलाई यसै आ.व.मा प्रारम्भ गरिनेछ ।

## उर्जा

- गाउँपालिकाको मूख्य वस्ती क्षेत्रमा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यलाई निरन्तरता दिईनेछ ।
- जल विद्युत तथा सौर्य उर्जाको प्रयोग गरी आगामी आर्थिक वर्षमा सवै नागरिकको घर घरमा विद्युतको पहुँच पुऱ्याई ***“उज्यालो रैनादेवी छहरा गाउँपालिका”*** घोषणा गरीनेछ ।
- गाउँपालिकाका अधिकांश व्यापारिक केन्द्र, सरकारी तथा सार्वजनिक संस्था रहेका स्थल तथा केही धार्मिक स्थलमा सौर्य सडक बत्ती जडान गर्ने कार्य यसै आर्थिक वर्ष मा सम्पन्न हुने छ । बाँकी सार्वजनिक महत्वका स्थल तथा मठ मन्दिरहरुमा आगामी आर्थिक वर्षमा सौर्य वत्ती जडान कार्यलाईनिरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र विद्युत आपुर्तीलाई नियमित र व्यवस्थित गर्न सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कार्य अघि बढाइने छ ।
- गाउँपालिका भित्रका सबै काठका पोलहरुलाई स्टिल पोलले विस्थापित गरिने छ ।
- लिफ्टिङ खानेपानी आयोजनाहरु निर्माण गर्दा सौर्य उर्जाको समेत प्रयोग गर्ने नीति लिइने छ ।

- बजार क्षेत्रमा समुदायको समेत सहलगानीमा सडक बत्ती विस्तार गर्दै लगिनेछ ।

## सञ्चार

- स्थानीय संचार माध्यमहरुलाई नियमन, प्रवर्द्धन तथा संरक्षण गर्ने नीति अवलम्वन गरीनेछ ।
- निष्पक्ष र तथ्यपरक रुपमा सूचना पाउने नागरिकको अधिकारलाई सुनिश्चित गरिनेछ ।

## वन, वातावरण, जलाधार, भु-संरक्षण तथा जैविक विविधता

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, खनिज पदार्थ, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी अधिकार क्षेत्र भित्र पर्ने विषयमा नीति कानून, मापदण्ड निर्धारण, योजना वनाइ कार्याव्वयन र नियमन गरिने छ ।
- *"एक गाउँ एक पोखरी"*कार्यक्रम मार्फत साविकका हरेक वडाहरुमा पोखरीहरुको निर्माण गरिने छ । पोखरी निर्माण संगै वर पीपल स्वामी लगाउने कार्यलाई प्रोत्साहन गरिने छ ।
- जलाधार क्षेत्र पहिचान गरीसंरक्षण गरिने छ ।
- सामुदायिक वन,धार्मिक वन,सरकारी वन लगायत सवै प्रकारका वनलाई संरक्षण गर्ने नीति लिईने छ ।
- वातारण मैत्री स्थानीय शासनको अवधारणा अनुरुप विकासका कार्यहरु अगाडी बढाउने नीतिलाई जोड दिईनेछ ।
- कवुलियति वन मार्फत विभिन्न आर्यआर्जनका कियाकलाप गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका वनको संरक्षण गर्दै पर्यापर्यटनको विकास गरिने छ ।
- वन कार्यालयसँग समन्वय गरी वन जंगल फडानी नियन्त्रण गरिने छ ।
- वन्यजन्तु संरक्षण, वृक्षारोपण, सामुदायिक वन लगायतका अन्य वनजंगलको संरक्षण तथा व्यवस्थापन प्राकृतिक स्रोत वनजंगल र वातावरण संरक्षण व्यवस्थित गर्नका लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन गर्ने नीति अंगिकार गरिनेछ ।
- गाउँपालिका भित्र रहेको ऐलानी तथा सार्वजनिक जग्गाहरुको संरक्षणको लागि आवश्यक कार्यक्रमहरु ल्याईनेछ ।
- गाउँपालिका भित्र रहेका पूराना तथा नयाँ सडकको छेउछाउमा वृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।
- भु-संरक्षण कार्यालयसगँ समन्वय गरी भू-संरक्षण सम्बन्धि विभिन्न कियाकलाप संचालन गरिनेछ ।
- पहिरो नियन्त्रण तर्फ पूर्व-सावधानी तथा तत्काल उद्धारको नीति लिइने छ । पहिरोग्रस्त क्षेत्रमा वृक्षारोपण गरिने छ ।
- वनजंगलमा लाग्ने डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्दै अग्नीरेखा निर्माण गर्दै लगिने छ।

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

- कोरोना भाईरस कोभिड-१९ जस्ता संक्रमण तथा विपद न्यूनीकरण तथा व्यवस्थापनमा जोड दिईनेछ ।
- टोल विकास समिति गठन गरी विपद उदारमा समेत उक्त जनशक्तिलाई संलग्न गरिनेछ ।
- विपद् व्यवस्थापन कोषमा इच्छुक सर्वसाधारणको समेत योगदान स्वीकार गर्दै लगिने छ ।
- हरेक वडा कार्यालय तथा प्रहरी चौकीहरुमा विपद् व्यवस्थापन सामग्रीहरुको व्यवस्था गरिने छ ।
- हाल आ.व देखीनगर प्रहरीको व्यवस्था गरि सुरक्षाको प्रत्याभुति गरिनेछ ।
- जलवायु परिवर्तनको कारणले पर्ने जलवायु परिवर्तनका असर न्युनीकरण गर्न अनुकूलन कार्यक्रम सञ्चालन गरिने छ ।
- वातावरण संरक्षण सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।
- जोखिम वस्ती संरक्षण तथा आवश्यकता अनुसार स्थान्तरण गर्दै लगिनेछ ।

## सेवा प्रवाह तथा सुशासन

- *"सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा हो ।"* भन्ने अवधारणालाई आत्मसाथ गर्दै समय समयमा वडामा घुम्ती सेवा सेवा प्रदान गरिने छ ।
- पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनको शासन जस्ता सुशासनका आधार स्तम्भहरुको आधारमा सेवा प्रवाहको प्रवन्ध मिलाइने छ ।
- नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, विद्युतीय शासन जस्ता सेवा प्रवाहका नवीनतम आयामहरुलाई अधिकतम प्रयोगमा ल्याइने छ ।
- सँस्थागत क्षमता अभिवृद्धि र क्षमता विकास कार्यक्रम मार्फत सेवा प्रवाहलाई थप गुणस्तरीय बनाइने छ । कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गरिनेछ ।
- कर्मचारीलाई कार्यसम्पादनमा जोडनका निम्ती कार्यसम्पादनमा आधारित सूचक वनाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- सुशासन कायम गर्ने साधनको रुपमा रहेका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तर्फ विशेष जोड दिईने छ ।
- वडाबाट प्रदान गरिने सेवाग्राहीलाई थप प्रभावकारी, सूचना प्रविधिमैत्री बनाईने छ ।
- सामाजिक सुरक्षा भत्ता, वैकिङ्ग, प्रणाली मार्फत वितरण गर्ने व्यवस्थालाईनिरन्तरता दिईनेछ ।
- सेवा प्रवाह गर्न मौजुदा संस्थागत संरचना र जनशक्ति तथा कार्यसम्पादनमा परेको चापलाई व्यवस्थापन गर्न संगठन विकास अध्ययन गरी आवश्यकताको आधारमा तहगत जिम्मेवारी व्यवस्थापन गर्ने कार्यलाई जोड दिइनेछ ।
- गाउँपालिका तथा वडापालिकाहरुमा क्रमशः नागरिक सहायता कक्षको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यकता अनुसार विषयगत क्षेत्रका सेवा करार कर्मचारी थप गरिने नीति लिईने छ ।
- सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम स्थानीय रेडियोसँग समन्वयमा अगाडी बढाईनेछ । साथै वित्तीय सु-शासन कायम गर्न खर्च सार्वजनिक उक्त रेडियो समन्वयमा गरिनेछ । जनतासंग गाउँपालिका कार्यक्रमलाई अगाडी बढाइनेछ ।

- सवै वडा कार्यालयमा डिजिटल नोटिस वोडको व्यवस्था गरिने छ।
- कार्यसम्पादनमा गुणात्मक सुधार ल्याउन कर्मचारीहरुको कार्यउत्प्रेरणा र मनोबल बृद्धि गर्न विभिन्न मौद्रिक र गैरमौद्रिक उत्प्रेरणाका कार्यक्रमहरु ल्याइने छ । उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।
- उपभोक्ताले गर्ने कामको सहजताको लागि सकेसम्म विकेन्द्रीकृत नीति अवलम्वन गर्दै लगिने छ।
- कर्मचारीको सेवासुविधाका सम्बन्धमा सङ्घीय सरकारले आ.व. २०७८।७९ मा गरेको व्यवस्थालाई आत्मसाथ गरिनेछ।
- सवै कर्मचारीलाई पारिश्रमिक सहितको १२ दिने पर्यटन विदा दिइने छ।
- प्रत्येक तीन वर्षमा कर्मचारीको सरुवा गरिनेछ।
- सामाजिक सुरक्षा र व्यक्तिगत घटनादर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ।

## तथ्याङक अभिलेख

- जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङक, राजश्व तथा आय व्यय समेतको तथ्याङक संकलन र प्रशोधन गरी रैनादेवी छहरा गाउपालिकाको वस्तुगत विवरण (Profile) निरन्तर अद्यावधिक गरिने छ।
- नवीनतम प्रविधियुक्त सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी संचालन गरिने छ।
- गाउँपालिका क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन गरिने छ।
- सम्पूर्ण सरकारी कार्यालयहरुको अभिलेख प्रणालीलाई व्यवस्थित बनाइने छ।
- गाउँपालिका भित्रका ऐतिहासिक धार्मिक पुरातात्विक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखिकरण गरिने छ।

## मानव संशाधन तथा रोजगारी

- श्रममूलक साना आयोजना कार्यान्वयनलाई प्राथमिकता प्रदान गरिनेछ।
- बेरोजगारहरुको तथ्याङक संकलन कार्यलाई निरन्तरता दिइने छ।
- रोजगारीका अवसरहरु सृजना गर्दै बेरोजगारीको दरलाई न्यून गरिने छ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीपलाई उत्पादनमूलक कार्यमा लगाई स्वरोजगारीको अवस्था सृजना गर्दै लगिने छ।
- स्थानीय स्तरमै रोजगारी सिर्जना गर्दै वसाइसराइको दरलाइ न्यूनीकरण गर्ने नीति लिइने छ।
- वेरोजगार युवालाई व्यवसायिक कृषि तथा मझौला उद्योगमा आकर्षित गरी स्वरोजागार गराउन वित्तीय संस्थासँग समन्वय गरि अगाडि वढाईने छ।
- दलित, महिला, जनजाति, सिमान्तकृत तथा अल्पसंख्यकहरुलाई आयआर्जनमा प्रत्यक्ष प्रतिफल प्राप्त गर्ने र गरिबी न्यूनीकरण सम्वन्धी नीति लिईने छ । त्यस्ता समुदायहरुको लागि जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

## राजस्व

- व्यवसायमा प्रगतिशील कर प्रणाली लागू गरी प्रभावकारी रुपमा कर संकलन गरिनेछ । साथै व्यवसाय दर्ता प्रक्रियालाई सहज एव सरल बनाइनेछ ।
- स्थानीय राजश्वको दायरा विस्तार गरिने छ ।
- उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोग गर्दै राजश्व संकलन वृद्धि गर्दै आन्तरिक आम्दानीमा वृद्धि गर्दै लगिने छ ।
- करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- नागरिकलाई **मैले तिरेको कर मेरै विकासका लागि हो** भन्ने कुराको अनुभुति दिलाउने गरी कार्यक्रम संचालन गरिने छ ।
- इ-विलिङ्गलाई सुरुवात गरिनेछ ।

## सार्वजनिक सम्पत्ति संरक्षण

- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सो तर्फ सवैलाइ सचेत गर्दै लगिने छ ।
- गाउँपालिकाभित्रका सार्वजनिक सम्पत्तिको अभिलेखीकरण गरी त्यसको संरक्षण गरिने छ ।
- सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलाई सजांय र संरक्षण गर्नेलाई पुरस्कृत गरिने नीति लिईने छ ।
- सार्वजनिक भूमीको लगत तयार गरी अभिलेखिकण गरिनेछ ।

## शान्ति सुरक्षा

- गाउँपालिका भित्र शान्ति र अमनचयनको वातावरण सृजना गर्न यसै आ.व देखि नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- तास जुवा तथा मदिरा नियन्त्रण गर्ने नीति लिईने छ ।
- घरेलु हिंसा नियन्त्रण गर्न परिवार समुदाय तथा प्रहरीसँग हातेमालो गरिने छ ।

## न्यायिक समिति

- छिटो छरितो सुलभ न्याय प्रणालीको विकास गर्दै सवै नागरिकलाई न्यायको समान पहुँच उपलब्ध गराईनुको साथै अशक्त असहाय विपन्न समुदायलाई निशुल्क न्यायको व्यवस्था मिलाईने छ ।
- विवादको व्यवस्थापन तथा मेलमिलाप समवन्धि कार्यहरु संचालन गर्दै स्थानीय न्याय प्रणालीलाई प्रभावकारी वनाईने छ ।
- न्यायिक समितिको क्षमता अभिबृद्धि गर्दै लगिने छ ।
- क्रमश छुट्टै इजलास कक्षको स्थापना गरी न्याय सम्पादन गर्ने व्यवस्था मिलाइने छ ।
- वडास्तरमै मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप समिति मार्फत मिलाउन सकिने विषय मिलाइने व्यवस्था गरिनेछ ।

## कार्ययोजना :

- वजेट कार्यान्वयन कार्ययोजना वनाई तोकिएको समयमा कार्यसम्पादन गर्ने वातावरण सिर्जना गरिनेछ ।
- बजेट कार्यान्वयनको चौमासिक लक्ष्य निर्धारण गरी सोही बमोजिम कार्यान्वयन अघि बढाइनेछ ।
- पुँजीगत बजेट परिचालन गर्न नतिजामूलक अनुगमन प्रणाली थप प्रभावकारी बनाइनेछ ।

## अनुगमन प्रणाली:

- विकासका विभिन्न आयोजना तथा सेवा प्रवाह अवस्था बारे नियमित रुपमा अनुगमन गरी सेवामा सन्तुष्टिको अनुभूति आम नागरिकमा दिलाईनेछ ।
- योजना निर्माणको चरणदेखि स्रोत परिचालन, कार्यान्वयन र अनुगमनसम्म स्थानीय जनसमुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।
- विकास आयोजनको तेस्रो पक्षबाट समेत अनुगमन र प्रतिवेदन दिने प्रणालीको विकास गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्ने सिलसिलामा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुने संघ, प्रदेशका माननीय सांसदज्यूहरु, अध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतकि दल, लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, समाजसेवी, बुद्धिजिवी, सञ्चारजगत, संघसंस्थाहरु, सुरक्षाकर्मी लगायत गाउँपालिकाबासी आम सर्वसाधारण नागरिकलाई आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !